दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पालिलाकोर, सल्यान, कर्णाली प्रदेश, नेपाल

विधुत लाइन विस्तार सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७६/०७/६ गते)

१. यस गाउँपालिका अन्तरगत तपशिल वडाहरूमा विधुत लाइन विस्तारका लागि नेपालमा रहेको आधिकारीक बोलपत्रदाताहरुले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वक को बोलपत्र खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

ठेक्कानं.	विवरण	लागत रकम भ्याट सहित	बोलपत्र फारम दस्तुररु.	जमानत रकम
DRM/NCB/EWORKS-01-2076/077	विधुत लाइन विस्तार दार्मा	२४९९५५.२५	३०००	74998.66

२. सूचना प्रकाशित भएको मिति देखी ३० औं दिन अर्थात २०७६/०८/५ गते सम्म कार्यालय समय भित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजत पत्र, मूल्य अभिवृध्दिकर(VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्बर(PAN) को प्रमाणपत्र आ.व. सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७५/०७६ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने (फिर्ता नहुने) नविल बैक लिमिटेड, शाखा कार्यालय दार्मा सल्यानमा रहेको राजस्व खाता नं. ७३०१०१७५००००५ मा रकम जम्मा गरी बोलपत्र फारम यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्रदाताले स्पष्टरुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मिति देखी ३१औं दिन अर्थात २०७६/०७/०६ गते १२:००बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नु पर्नेछ।

४.बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको नविल बैक लिमिटेड ,शाखा कार्यालय, दार्मा सल्यान मा रहेको धरौटी खातानं. ७३०१०१७५००००९ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालय को नाममा जारी गरिएको कम्तिमा १२०दिन म्याद भएको बैंक जमानी पत्र(Unconditional Bid Bond)बोलपत्र साथ पेश गर्नु पर्नेछ।यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानी पत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन अर्थात २०७६/०८/०६ गते दिउँसो २:००बजे बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

६. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिकरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३तथा सार्वजनिक खरिद नियमावली, २०६४(संसोधनसमेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

१०. अन्य थप केही कुरा बुझ्नुपरेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत